ILF THE INTERNATIONAL LEGAL FOUNDATION

Public Defender Society of Nepal
सार्वजनिक प्रतिरक्षक समाज नेपाल
Defending the poor, ensuring justice
गरीबलाई प्रतिरक्षा, न्यायमा सुनिश्चितता

JuRI-Nepal
न्याय तथा अधिकार संस्था–नेपाल
Justice and Rights Institute–Nepal
SERVING DIFFERENTLY

निःशुल्क कानुनी परामर्श
आप्रवासी कामदारहरुको न्यायमा पहुँच संम्वर्धन परियोजना
मानव अधिकारका लागि जनमञ्च (पिपुल फोरम)

ADVOCACY FORUM-NEPAL
एड्भोकेसी फोरम नेपाल
Lawyers Forum for Human Rights & Rule of Law

Terai Human Rights Defenders Alliance
- For Equity and Justice

**जोखिममा रहेका थुनुवा/वन्दीहरुप्रति संवेदनशील बन्न र जीवन तथा स्वास्थ्य रक्षाको लागि मावन अधिकार तथा कानूनी सहायता प्रदायकहरुको हार्दिक अपिल ।**

# प्रेस विज्ञप्ति

मिति २०७६ चैत १५

विश्वभर फैलँदै गएको कोभिड–१९ को सङ्क्रमण नेपालमा समेत देखिए पश्चातको विषम परिस्थितिमा नियन्त्रणका लागि नेपाल सरकारले चालेका पछिल्ला कदमहरुलाई हामी मानवअधिकार तथा कानूनी सहायताको क्षेत्रमा कार्यरत संघसंस्था सकारात्मक रुपमा लिएका छौ । खास गरी फौजदारी न्याय प्रशासनसंग सम्बन्धित विषयमा नेपाल राष्ट्रको महान्यायाधिवक्ताबाट लिइएको निर्णय तथा सिफारिशहरु; व्यक्तिको वैयक्तिक स्वतन्त्रतालाई उच्च प्राथमिक्ता दिइ विशेष निवेदनहरु उपर सुनवाइका लागि निरन्तर अदालत सुचारु राखिने गरी सर्वोच्च अदालतको पटक पटकको पूर्ण बैठकबाट लिइएका निर्णयहरु पनि यस विषम परिस्थितिथिका लागि अपरिहार्य र स्वागतयोग्य रहेको भएपनि थुनुवा/वन्दी/कैदीहरुको तर्फबाट थुनामुक्तिको लागि सम्बन्धित निकायसमक्ष गर्नु पर्ने आवेदन/निवेदन, वहसपैरवी जस्ता कार्यमा प्रतिरक्षक कानून व्यवसायीहरुको प्रत्यक्ष सहयोग र भूमिकाको आवश्यक्ता रहेको र इच्छुक प्रतिरक्षक कानून व्यवसायीको लकडाउनको प्रभाव र थुनुवा थुनुवा/वन्दी/कैदीहरुसमक्ष सुरक्षित पहुँच नभएका कारण ति निर्णयहरु कार्यान्वय हुन नसकेको थुनुवा/वन्दी/कैदीहरु कारागारमा बस्न बाध्य हुनु परेको छ भने गरीवीका कारण लागेको जरीवाना वा कैदलाई जरीवानामा परिवर्तन गर्न नसकेको कारण कारागारमा बस्नु परेको तर्फ गम्भिर ध्यानाकर्षण गराउन चाहन्छौ ।

नेपालले हस्ताक्षर गरेको विभिन्न अन्तराष्ट्रीय दस्तावेजहरु तथा नेपालको संविधानले बाच्न पाउने हक, स्वच्छ वातावरणको हक, स्वास्थ्य सम्बन्धी हक, खाद्य सम्बन्धी हक र समाजिक न्यायको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरिएको र ती अधिकारहरु स्वतन्त्रताबाट बंचित गरिएका शंकित, अभियुक्त तथा कैदीहरुको

हकमा समेत लागु हुने भएको हुँदा वर्तमान जटिल परिस्थितिमा कारागारमा रहेका थुनुवा/वन्दी/कैदीहरुको मौलिक अधिकारप्रति जिम्मेवार हुनु सरकारको दायित्व भित्रै नै हुन आउँछ।

कोभिड–१९ को सङ्क्रमण नेपालमा देखिनु पूर्व तत्कालको अवस्थामा नेपालको महान्यायाधिवक्ताको कार्यालय र सर्वोच्च अदालतको पूर्ण बैठकबाट लिइएका निर्णयहरुले केहि हदसम्म स्वतन्त्रताबाट बंचित भएका व्यक्तिहरुको हकमा प्रभावकारी हुने देखिए पनि त्यस्ले वृहत समुदायलाई सहयोग गर्न नसकेको र कार्यान्वयनमा ढिला सुस्ती र अन्यौलता देखिएको, प्रतिरक्षक कानून व्यवसायीहरुको नि:शुल्क सेवा थुनुवा/वन्दी/कैदीहरु समक्ष पुग्न नसकेको जनगुनासोहरु आउन थालेको हुँदा यस सम्बन्धमा अविलम्व प्रभावकारी कार्यान्वयनयोग्य निर्णय लिन सम्बन्धित निकायहरुसंग हार्दिक अपिल गर्दछौ।

साथै सर्वोच्च अदालतको पूर्ण बैठकको निर्णयले लक्षित गरेको प्रकारका थुनुवा/कैदी/बन्दी बाहेकका अन्यहरुको हकहितका लागि निम्नानुसारको निर्णय र त्यसको कार्यान्वयनको लागि सम्मानिय राष्ट्रपतिज्यूको कार्यालय, नेपाल सरकार, सर्वोच्च अदालत, महान्यायाधिवक्ताको कार्यालय लगायतका सम्बन्धित निकायहरुसंग पनि हार्दिक अनुरोध गर्दछौ।

१. ६० बर्ष भन्दा माथि उमेरका र दम, मधुमेह, मुटु वा फोक्सो जस्ता अन्तर्निहित मेडिकल अवस्था भएका व्यक्तिहरू जो कोविड-१९ को कारण गम्भीर बिरामी वा मृत्युको बढी जोखिममा रहेको हुँदा ६० वर्ष वा सो भन्दा माथिका वा उल्लेखित रोगको विरामी थुनुवा/वन्दी तथा कैदीहरुलाई तुरुन्त रिहाईको लागि हामी आह्वान गर्दछौ।
२. नेपाल राज्यभरि संचालनमा रहेको कारागारहरु १०,४३३/- जनासम्म थुनुवा/वन्दी तथा कैदीहरुहरुलाई राख्न सक्ने क्षमता भएको वर्तमानको अवस्थामा पचिस हजार भन्दा माथि थुनुवा/वन्दी तथा कैदीहरु रहेको कुरा कारागार व्यवस्थापन विभागको मास्केवारीबाट देखिएको र संख्याको दुइगुणा भन्दा बढि व्यक्तिहरुलाई कारागारमा थुनामा राखिनुले मुद्दा पुर्पक्ष तथा सजाय भुक्तानको क्रममा रहेका व्यक्तिहरु संक्रमणको उच्च जोखिममा रहेको हुँदा राज्यको अभिभावकत्वको सिद्धान्त र आवश्यक्ताको सिद्धान्तको अधिनमा रही निम्नानुसारको निर्णय तत्काल लिन सम्बन्धित निकायहरुसंग हार्दिक अनुरोध गर्दछौ।
    क. आधा सजाय भुक्तान गरि सकेका जधन्य प्रकृतिका कसुरहरु बाहेकमा अन्य मुद्दाहरुको कैदीहरुको हकमा नेपालको संविधानको धारा २७६ अनुसार तत्काल सजाय स्थगन, माफिको निर्णय हुन।
    ख. फैसलाले लागेको जरीवाना तिर्न नसके वापत कारागारमा राखिएकाहरुको हकमा अवस्था समान्य भएपछि सरकारी बाँकी सरह असुल गर्ने गरी वा फौजदारी कसुर (सजाय निर्धारण र कार्यान्वयन) ऐन, २०७४ को दफा २०(२) अनुसार जरीवाना किस्तावन्दीमा बुझाउन सक्ने व्यवस्थाको कार्यान्वयन तथा अनुशरण गर्ने गरि तत्कालको लागि खोजिएको बखत उपस्थित गराउने शर्तमा जिम्मा जमानीमा छाड्ने निर्णय हुन।

ग. मुद्दा पुर्पक्षका क्रममा माँग गरिएका धरौट रकम तिर्न नसकेको कारण मुद्दा पुर्पक्षका लागि कारागारमा राखिएका व्यक्तिहरुको हकमा पुन: थुनछेक आदेश गरी तत्कालका लागि जिम्मा जमानीमा छाड्ने आदेश सम्बन्धित जिल्ला अदालतहरुले लिन पाउने गरी सर्वोच्च अदालतबाट विशेष निर्णय सहितको निर्देशन जारी हुन ।

घ. कारागारमा रहेका विशेष प्रकृतिका थुनुवा/कैदीहरु जस्ले अपाङ्गताको कारण आफ्नो नित्य जीवन यापनाका लागि अरु व्यक्ति माथि आश्रित हुनु परेको छ, त्यस प्रकृतिका थुनुवा/कैदीहरुको लगत तत्काल संकलन गरी त्यस्ता थुनुवा/कैदीहरुको हकमा थुना/कैद मुक्तिका लागि विशेष निर्णय लिने ।

३. बालिका सम्बन्धि ऐन, २०७५ अन्तर्गत दिशान्तरण र सजाय स्थगन सम्बन्धमा सम्बन्धित अदालतबाट कार्यान्वयको क्रममा "*बालसुधार गृहमा बस्ने गरी कैद निर्धारण गरिएको बालबालिकाको हकमा फैसला गर्ने स्वयम न्यायाधीशले सजाय स्थगनका लागि परेको निवेदनमा सजाय स्थगन गर्ने गरी आदेश गर्न मिल्ने वा नमिल्ने*" भन्ने जस्ता द्बिविधा उत्पन्न हुने गरि बिचारहरु व्यक्त भएको हुँदा यस सम्बन्धमा विशेष परिस्थितिलाई ध्यानमा राखि सम्बन्धित जिल्ला अदालतले फैसला भएपनि पुन: आवश्यक निर्णय लिन सक्ने भनि सर्वोच्च अदालतबाट अविलम्व सम्वोधन हुन ।

४. कोरोना भाइरसबाट श्रृजित यस विशेष अवस्थामा आफ्नो स्वास्थ्य र ज्यानमा असुरक्षा महशुश गर्ने प्रत्येक थुनुवा/वन्दी/कैदीहरुले रिहाइको अनुरोध सहित वा विशेष अनुरोध सहित अदालत समक्ष, नेपाल सरकार र मातहतका निकायहरुमा विशेष निवेदन गर्न पाउने नै हुँदा र कोभिड-१९ को प्रभावसंग जोडिएको विषयका विशेष निवेदनहरुमा सुनवाई गर्ने भनि सर्वोच्च अदालतको पूर्ण बैठकबाट निर्णय समेत भै रहेको हुँदा त्यस्ता निवेदन सम्बन्धित कारागार प्रशासनले सम्बन्धित निकाय समक्ष पुर्याउने प्रबंध गर्ने कानूनी दायित्व कारागार प्रशासनको नै रहेको हुँदा कैद वापतको जरीवानासंग सम्बन्धित निवेदन बाहेकको अन्य निवेदन यस अवस्थामा अदालत पठाउन नमिल्ने भनि आफ्नो कानूनी दायित्वको पालना प्रति उदासिनताले मानव अधिकारको रक्षामा निस्कृयता देखिने हुँदा र यस्ता घटनाहरु भएको छिटफुट घटना समेत बाहिर आएको हुँदा यस प्रति हाम्रो गम्भिर धयानाकर्षण रहेको छ र यस्ता कार्यहरु अविलम्व सच्याई प्रभावकारी रुपमा कानूनी कर्तव्य पालनाको लागि सम्बन्धित सबै पक्षसंग हार्दिक अनुरोध गर्दछौ ।

५. संक्रमणको यस विशेष अवस्था र लकडाउनको समयमा पनि विशेष प्रकृतिका मुद्दा मामिलाहरुमा सुनवाइ हुने भएको र सुनवाईका लागि अदालत समक्ष कानून व्यवसायी उपस्थिति पनि महत्वपूर्ण हुने हुँदा अदालत तथा आफ्नो पक्ष रहेको स्थान समक्ष कानून व्यवसायीको निर्वाध रुपमा पहुँच पाउनका लागि लकडाउनको समयावधिमा भित्र पनि इच्छुक कानून व्यवसायीको कानून व्यवसायीको परिचयपत्र हेरी विना रोकावट पूर्ण स्वास्थ्य सुरक्षा सहितको सवारी सहितको आवत जावतमा सहजता हुनका लागि सम्बन्धित निकायहरुको ध्यानाकर्षणको लागि अनुरोध गर्दछौ ।

६. महान्यायाधिवक्ताको कार्यालय र सर्वोच्च अदालतको निर्णय बमोजिम कैदबाट छुट सम्बन्धि आवश्यक कानूनी निवेदनहरुको मस्यौदा लगायतका कानून बमोजिम सम्बन्धित निकायमा प्रतिनिधित्व गर्न नि:शुल्क कानूनी सहायता प्रदायक संस्थाहरु इच्छुक रहेको हुँदा यस विशेष परिस्थितिमा निर्णय बमोजिमको कैदबाट छुट पाउन सक्ने कैदी वन्दीहरुको आवश्यक विवरण कारागार व्यवस्थापन विभागले महान्यायाधिवक्ताको कार्यालयमा उपलब्ध गराउने र महान्यायाधिवक्ता र मातहतका सरकारी वकिल कार्यालयबाट कानूनी सहायता प्रदायक संस्थासंग आवश्यक सम्वन्य गर्ने प्रबंध मिलाउन पनि हामी सम्बन्धित निकायहरु समक्ष अनुरोध गर्दछौ।

(एकराज आचार्य)
अध्यक्ष
PDS-Nepal

(पंकज कुमार कर्ण)
अध्यक्ष
JuRI-Nepal

(सोम लुइटेल)
पूर्व अध्यक्ष/सल्लाहकार
People Forum

(ओम प्रकाश सेन ठकुरी)
निर्देशक
Advocacy Forum

(मोहन कर्ण)
कार्यकारी निर्देशक
THRD Alliance

(इन्द्र प्रसाद अर्याल)
पूर्व अध्यक्ष
HURON

(ओम प्रकाश अर्याल)
अधिवक्ता
सर्वोच्च अदालत

(राजु चापागाँई)
अधिवक्ता

(अजय शंकर झा)
ILF-Nepal